नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office
( कोष प्रशासन शाखा)

प.सं. :- २०७६/०७७।४.१
च.नं. :- 0६

मिति :- २०७६।०७।०१

विषय :- पचास प्रतिशत मु.अ.कर रकम दाखिला सम्वन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सवै ।

प्रस्तुत विषयमा मुल्य अभिवृद्धि कर नियमावली २०५३ मा भएको एक्काईसौ संशोधनबाट सरकारी निकाय वा नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तरगत आपुर्ति हुने वस्तु तथा सेवा वापतको रकम सम्वन्धित ठेकदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने मु.अ.कर रकम कट्टा गरी भुक्तानी कर्ताबाट दाखिला गर्दा प्रत्येक ठेकदार/आपुर्तिकर्ताको छुट्टाछुट्टै बैक भौचरबाट सम्वन्धित करदाताको राजश्व कार्यालयमा दाखिला गर्नु पर्नेमा अधिकांश कार्यालयहरुबाट उक्त रकम दाखिला गर्ने क्रममा अलग अलग भौचर नभरी एउटै भौचरबाट बैक दाखिला गरेको अथवा कार्यालयको आफ्नै प्यान नंम्वर, नामबाट दाखिला गरेकोले गर्दा समस्या देखिएकोले समस्या समाधानको लागि आन्तरिक राजश्व विभागको मिति २०७६।०६।०९ को निर्णानुसार तयार पारिएको कार्यविधिमा कार्यालय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयहरुले गर्नु पर्ने कार्यहरु यस प्रकार रहेका छन् । सो को कार्यान्वयनका लागि आवश्यक पत्राचार गरि व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल :-

१ . पचास प्रतिशत मू.अ.कर रकम कट्टा गरी दाखिला गर्ने कार्यालयले मू.अ.कर दाखिला गर्दा आफ्नै कार्यालयको प्यान नम्बर उल्लेख गरी दाखिला गरेको, अलग अलग भौचर नभरी एकमात्र करदाताको प्यान नम्बर उल्लेख गरी वा भौचरमा स्थायी लेखा नम्बर उल्लेख नै नगरी एकभन्दा बढी करदाताहरूको एउटै भौचरबाट रकम दाखिला गरेको अवस्थामा :-

(क) मू.अ.कर दाखिला गर्ने कार्यालयले जुन राजस्व कार्यालयको नाममा मू.अ.कर दाखिला गरेको हो उक्त कार्यालयलाई भौचरमा उल्लिखित सबै करदाताहरूको प्यान नम्बर, फर्मको नाम, मू.अ.कर रकम सहितको विवरण खुलाई पत्र लेख्ने ।

२. पचास प्रतिशत मू.अ.कर रकम दाखिला गर्ने कार्यालयले कार्यालय कोड र प्यान नम्बर दुवै आफ्नै उल्लेख गरी रकम दाखिला गरेको अवस्थामा :-


अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०
फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np

(क) एउटै भौचरबाट धेरै करदाताको राजस्व दाखिला भएको र सो करदाता सम्बन्धित को.ले.नि.का. को कार्यक्षेत्र भित्र रहेको हकमा सम्बन्धित को.ले.नि.का.ले कार्यालय कोड परिवर्तन गरिदिने र कोड परिवर्तन भएपश्चात सम्बन्धित राजस्व कार्यालयलाई पत्र मार्फत जानकारी गराउने ।

(ख) एउटै भौचरबाट एउटा मात्र करदाताको राजस्व दाखिला भएको र सो करदाता सम्बन्धित को.ले.नि.का.को कार्य क्षेत्र भित्र नरहेको हकमा सम्बन्धित को.ले.नि.का.ले म.ले.नि.का. मार्फत करदाताको कोड परिवर्तन गरी सम्बन्धित करदाताको राजस्व कार्यालयलाई पत्र मार्फत जानकारी गराउने ।

३. पचास प्रतिशत मू.अ.कर रकम करदाताको ATR मा आएको तर भौचरमा उक्त रकम दाखिला गर्ने कार्यालयको नाम उल्लेख गर्ने महल नभएको हुँदा आ.रा.का. तथा क.से.का. मा समेत अन्योल भएको अवस्थामा :-

(क) राजस्व भौचरमा पचास प्रतिशत मू.अ.कर रकम जम्मा गर्दा भौचर जम्मा गर्ने सम्बन्धित कार्यालयले भौचरको पृष्ठ भागमा आफ्नो नाम, स्थायी लेखा नम्बर, छाप राख्ने व्यवस्था मिलाउने सम्बन्धमा कार्यालयहरूलाई जानकारी गराउने।

(ख) पचास प्रतिशत मू.अ.कर दाखिला गर्न आउँदा राजस्व बुझ्ने बैंकले भौचरको पृष्ठभागमा उल्लेख भएको विवरण RMIS मा भौचर Entry गर्दा भौचरको कैफियत महलमा उल्लेख गर्ने साथै सम्बन्धित राजस्व कार्यालयका प्रमुख समेतले यसको कार्यान्वयन भए नभएको नियमित अनुगमन तथा कार्यान्वयन गर्ने गराउने।

४. मन्त्रालय/विभाग तथा मातहतका सबै कार्यालयहरुले ठेक्का वा करार रकमको मू.अ.कर रकम भुक्तानी गर्दा मू.अ.कर रकमको पचास प्रतिशतले हुने रकम कट्टा गरी जस जसको नामबाट कट्टा गरिएको हो सोही व्यक्ति/संस्थाको PAN मा नम्बर र सम्बन्धित राजस्व कार्यालयको कोड नम्बर उल्लेख गरेर सम्बन्धित राजस्व शीर्षकमा छुट्टाछुट्टै बैक भौचरबाट दाखिला गर्नु पर्ने विषयमा परिपत्र गर्ने ।

२०७६।६।१९

(शिवनाथ सुवेदी)
लेखा अधिकृत

बोधार्थ :-

श्री आन्तरिक राजश्व विभाग, काठमाण्डौ ।



अनामनगर, काठमाडौं, फोन नं. ०१-४७७११४०
फ्याक्स नं.- ०१-४७७०३८६, E-mail: info@fcgo.gov.np, Website: www.fcgo.gov.np